१. राजपत्रांकित प्रथम श्रेणीको लागि निजामती सेवाको बढुवा हुने पदसँग सम्बन्धित सेवाको रा.प.द्वितीय श्रेणीको पदमा ५ वर्ष स्थायी सेवा अवधि पूरा गरेको र राजपत्रांकित द्वितीय श्रेणीको लागि राजपत्रांकित तृतीय श्रेणीको पदमा ५ वर्ष स्थायी सेवा अवधि पूरा गरेको। निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (१४क) अनुसार राजपत्रांकित द्वितीय श्रेणीको आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा बढुवा गरिने पदहरुमा सो पदका लागि तोकिए बमोजिमको सेवा अवधि र योग्यता पुगेका निजामती सेवा ऐन, २०४९, संघीय संसद सचिवालय सम्बन्धी ऐन, २०६४ र नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ बमोजिमको सेवामा कार्यरत सबै कर्मचारी सम्भाव्य उम्मेदवार हुनेछन्। तर महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रमा स्थायी बसोबास भएका निजामती कर्मचारीको हकमा सो सेवा अवधिमा १ वर्ष कम भए पनि हुनेछ। नेपाल स्वास्थ्य सेवामा कार्यरत कर्मचारीहरुको हकमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ मा व्यवस्था भए बमोजिम हुनेछ। संघीय संसद सेवाका रा.प. द्वितीय श्रेणीको पदमा रिक्त पदभन्दा एक श्रेणी मुनिको संघीय संसद सेवाको पदमा दफा २८ बमोजिमको सेवा अवधि र शैक्षिक योग्यता पुगेका कर्मचारी मात्र परीक्षामा उम्मेदवार हुन सक्नेछन्।

२. विज्ञापन गरिएको पदसँग सम्बन्धित सेवाको राजपत्रांकित तृतीय श्रेणीको पदमा सेवा प्रवेशको लागि तोकिएको शैक्षिक योग्यता भएको।

**आ) स्वास्थ्य सेवातर्फ**

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २६ बमोजिमको सेवा अवधि पूरा गरी नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची ७ मा तोकिएका आवश्यक न्यूनतम योग्यता पुगेका स्वास्थ्य सेवाका कर्मचारी हुनु पर्नेछ। नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा १२ बमोजिम अयोग्य नभएको हुनुपर्नेछ। दरखास्त दिने उम्मेदवारहरु अनिवार्य रुपमा आफ्नो सेवा, समूह सम्बन्धी व्यावसायिक परिषद्मा दर्ता भई म्याद कायम भएको हुनुपर्नेछ।

**इ) राष्ट्रिय मानव अधिकार सेवातर्फ**

बढुवा हुने पद भन्दा सम्बन्धित सेवाको एक श्रेणी मुनिको पदको लागि तोकिएको शैक्षिक योग्यता पूरा गरेको र राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारीको सेवा, शर्त र सुविधा सम्बन्धी नियमावली, २०७२ को नियम ३१ बमोजिमको सेवा अवधि पूरा गरेको हुनुपर्नेछ।

### (ख) खुलाको लागि

**अ) निजामती सेवातर्फ**

सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम दर्ता भएको संगठित संस्था वा अन्तर्राष्ट्रिय संघ, संस्थाको अधिकृतस्तरको पदमा राजपत्रांकित द्वितीय श्रेणीको पदको हकमा पाँच वर्ष र राजपत्रांकित प्रथम श्रेणीको पदको हकमा सात वर्षको अनुभव प्राप्त गरेको हुनु पर्नेछ। तर विद्यावारिधि स्तरको उपाधि प्राप्त गरेको व्यक्तिको हकमा अनुभवको अवधि दुई वर्षले कम हुनेछ।

**आ) स्वास्थ्य सेवातर्फ**

नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची- ६ मा उल्लेखित न्यूनतम योग्यता प्राप्त गरेको र सम्बन्धित क्षेत्रको अधिकृत स्तरमा नवौं तहको हकमा पाँच वर्ष र एघारौं तहको हकमा सात वर्ष अनुभव प्राप्त गरेको हुनु पर्नेछ। तर विद्यावारिधि स्तरको उपाधि प्राप्त गरेको व्यक्तिको हकमा अनुभवको अवधि दुई वर्षले कम हुनेछ। नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा १२ बमोजिम अयोग्य नभएको हुनु पर्नेछ। दरखास्त दिने उम्मेदवारहरु अनिवार्य रुपमा आफ्नो सेवा, समूह सम्बन्धी व्यावसायिक परिषद्मा दर्ता भै म्याद कायम रहेको हुनुपर्नेछ।

**इ) राष्ट्रिय मानव अधिकार सेवातर्फ**

अधिकृत प्रथम र द्वितीय श्रेणीको पदको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानुन बमोजिम दर्ता भएको संगठित संस्था वा अन्तर्राष्ट्रिय संघ संस्थाको अधिकृतस्तरको पदमा अधिकृत द्वितीय श्रेणीको पदको हकमा पाँच वर्ष र अधिकृत प्रथम श्रेणीको पदमा सात वर्षको अनुभव प्राप्त गरेको हुनुपर्नेछ। तर विद्यावारिधि स्तरको उपाधि प्राप्त गरेको व्यक्तिको हकमा अनुभवको अवधि दुई वर्षले कम हुनेछ।

## खुला तथा समावेशीतर्फका प्रत्येक पदहरुको आवश्यक न्यूनतम शैक्षिक योग्यता

### (अ) राजपत्रांकित प्रथम श्रेणी, सहसचिव वा सो सरह पदका लागि

१. **नेपाल न्याय सेवा, सरकारी वकिल समूह :** मान्यता प्राप्त शिक्षण संस्थाबाट कानूनमा स्नातकोत्तर उपाधि प्राप्त ।

२. **नेपाल परराष्ट्र सेवा :** मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर उपाधि प्राप्त ।

३. **नेपाल प्रशासन सेवा :** मान्यता प्राप्त शिक्षण संस्थाबाट कला (आर्टस्), संस्कृत, व्यवस्थापन, वाणिज्यशास्त्र, व्यापार प्रशासन, शिक्षा शास्त्र, कानून वा विज्ञानमा स्नातकोत्तर उपाधि प्राप्त ।

४. **नेपाल इञ्जिनियरिङ्ग सेवा, सिभिल समूह, हाइवे उपसमूह :** मान्यताप्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग वा हाइवे इञ्जिनियरिङ्ग वा स्वायल मेकानिक्स एण्ड फाउन्डेसन इञ्जिनियरिङ्ग वा स्ट्रक्चरल इञ्जिनियरिङ्ग वा जियोटेक्निकल इञ्जिनियरिङ्ग वा वायो इञ्जिनियरिङ्ग वा इञ्जिनियरिङ्ग जियोलोजी वा कन्स्ट्रक्सन म्यानेजमेन्ट वा प्रोजेक्ट म्यानेजमेन्ट वा इन्टरनेशनल कन्सट्रक्सन प्रोजेक्ट म्यानेजमेन्ट वा म्यानेजमेन्ट एण्ड इम्प्लिमेन्टेशन अफ डेभलपमेन्ट प्रोजेक्ट वा कन्स्ट्रक्सन इञ्जिनियरिङ्ग एण्ड म्यानजमेन्ट वा इञ्जिनियरिङ्ग प्रोजेक्ट म्यानेजमेन्ट वा ट्रान्सपोर्ट प्लानिङ वा ट्रान्सपोर्ट इकोनोमिक्स वा ट्रान्सपोर्टेशन वा व्रिज इञ्जिनियरिङ्ग वा इनभारोन्मेन्टल इञ्जिनियरिङ्ग वा इन्फ्रास्ट्रक्चरल इञ्जिनियरिङ्ग वा ट्राफिक इञ्जिनियरिङ्ग वा रिभर इञ्जिनियरिङ्ग वा हाइड्रोलोजी इञ्जिनियरिङ्ग वा अर्थक्वेक इञ्जिनियरिङ्ग वा प्रोजेक्ट प्लानिङ्ग एण्ड डेभलपमेन्ट वा अर्वन ट्रान्सपोर्ट प्लानिङ्ग विषयमा कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त ।

५. **नेपाल इञ्जिनियरिङ्ग सेवा, सिभिल समूह, बि.एण्ड आ. उपसमूह :** मान्यताप्राप्त शिक्षण संस्थाबाट आर्किटेक्चरल वा सिभिल वा विल्डिङ्ग स्टक्चरल वा टाउन प्लानिङ्ग वा स्टक्चरल वा क्वान्टिटी सर्भे वा अर्वन प्लानिङ्ग विषयमा स्नातकोत्तर उपाधि प्राप्त ।

### (आ) राजपत्रांकित द्वितीय श्रेणी, उपसचिव वा सो सरह तथा अधिकृत द्वितीय श्रेणी

१. **नेपाल न्याय सेवा, न्याय, कानून, सरकारी वकिल समूह :** मान्यता प्राप्त शिक्षण संस्थाबाट कानूनमा स्नातकोत्तर उपाधि प्राप्त ।

२. **नेपाल परराष्ट्र सेवा :** मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर उपाधि प्राप्त ।

३. **नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह :** मान्यता प्राप्त शिक्षण संस्थाबाट कला (आर्टस), संस्कृत, व्यवस्थापन, वाणिज्यशास्त्र, व्यापार प्रशासन, शिक्षा शास्त्र, कानून वा विज्ञानमा स्नातकोत्तर उत्तीर्ण ।

४. **नेपाल प्रशासन सेवा, लेखा समूह :** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्र, व्यापार प्रशासन, अर्थशास्त्र, गणित, तथ्याङ्कशास्त्र वा जनप्रशासनमा स्नातकोत्तर उत्तीर्ण ।

५. **नेपाल प्रशासन सेवा, राजस्व समूह :** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्र, व्यापार प्रशासन, कानून, अर्थशास्त्र, जन प्रशासन, गणित वा तथ्याङ्कशास्त्रमा स्नातकोत्तर उत्तीर्ण ।

६. **नेपाल लेखापरीक्षण सेवा :** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यापार प्रशासन वा वाणिज्यशास्त्र विषयमा स्नातकोत्तर वा चार्टर्ड एकाउन्टेन्सी वा सो सरहको परीक्षा उत्तीर्ण ।

७. **संघीय संसद सेवा, सामान्य प्रशासन समूह :** मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर वा सो सरह उत्तीर्ण ।

८. **नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा, तथ्याङ्क समूह :** मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्कशास्त्र वा गणित वा जनसंख्याशास्त्र वा एप्लाइड स्टाटिस्टिक्स मध्ये कुनै विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण ।

९. **नेपाल इञ्जिनियरिङ्ग सेवा, सिभिल समूह, जनरल उपसमूह :** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग विषयमा कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त ।

१०. **नेपाल इञ्जिनियरिङ्ग सेवा, सिभिल समूह, हाइवे उपसमूह:** मान्यताप्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग वा हाइवे इञ्जिनियरिङ्ग वा स्वायल मेकानिक्स एण्ड फाउन्डेसन इञ्जिनियरिङ्ग वा स्ट्रक्चरल इञ्जिनियरिङ्ग वा जियोटेक्निकल इञ्जिनियरिङ्ग वा वायो इञ्जिनियरिङ्ग वा इञ्जिनियरिङ्ग जियोलोजी वा कन्स्ट्रक्सन म्यानेजमेन्ट वा प्रोजेक्ट म्यानेजमेन्ट वा इन्टरनेशनल कन्सट्रक्सन प्रोजेक्ट म्यानेजमेन्ट वा म्यानेजमेन्ट एण्ड इम्प्लिमेन्टेशन अफ डेभलपमेन्ट प्रोजेक्ट वा कन्स्ट्रक्सन इञ्जिनियरिङ्ग एण्ड म्यानजमेन्ट वा इञ्जिनियरिङ्ग प्रोजेक्ट म्यानेजमेन्ट वा ट्रान्सपोर्ट प्लानिङ वा ट्रान्सपोर्ट इकोनोमिक्स वा ट्रान्सपोर्टेशन वा व्रिज इञ्जिनियरिङ्ग वा इनभारोन्मेन्टल इञ्जिनियरिङ्ग वा इन्फ्रास्ट्रक्चरल इञ्जिनियरिङ्ग वा ट्राफिक इञ्जिनियरिङ्ग वा रिभर इञ्जिनियरिङ्ग वा हाइड्रोलोजी इञ्जिनियरिङ्ग वा अर्थक्वेक इञ्जिनियरिङ्ग वा प्रोजेक्ट प्लानिङ्ग एण्ड डेभलपमेन्ट वा अर्वन ट्रान्सपोर्ट प्लानिङ्ग विषयमा कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त ।

११. **नेपाल इञ्जिनियरिङ्ग सेवा, सिभिल समूह, स्यानिटरी उपसमूह :** मान्यताप्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग वा स्यानिटरी इञ्जिनियरीङ्ग वा पब्लिक हेल्थ इञ्जिनियरीङ्ग विषयमा स्नातकोत्तर उत्तीर्ण ।

१२. **नेपाल इञ्जिनियरिङ्ग सेवा, सिभिल समूह, वि. एण्ड. आ. उपसमूह :** मान्यता प्राप्त शिक्षण संस्थाबाट आर्किटेक्चरल वा सिभिल वा विल्डिङ्ग स्ट्रक्चरल वा टाउन प्लानिङ्ग वा स्ट्रक्चरल वा क्वान्टिटी सर्भे वा अर्वन प्लानिङ्ग विषयमा कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त ।

१३. **नेपाल इञ्जिनियरिङ्ग सेवा, सिभिल समूह, इरिगेशन उपसमूह :** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग वा वाटर रिसोर्स डेभलपमेण्ट वा हाइड्रोलोजी वा वाटर युज मेनेजमेन्ट वा स्ट्रक्चरल इञ्जिनियरिङ्ग वा वाटर रिसोर्स इञ्जिनियरिङ्ग वा हाइड्रोलोजिकल इञ्जिनियरिङ्ग वा ल्याण्ड एण्ड वाटर डेभलपमेन्ट वा हाइड्रोइन्फरमेटिक्स वा इरिगेशन इञ्जिनियरिङ्ग एण्ड म्यानेजमेन्ट वा वाटर इञ्जिनियरिङ्ग वा इन्फ्रास्ट्रक्चर प्लानिङ्ग वा हाइड्रोलोजी एण्ड वाटर रिसोर्स वा हाइड्रोलिक इञ्जिनियरिङ्ग ट्रपिकल वाटर म्यानेजमेन्ट वा सिभिल एण्ड म्युनिसिपल इञ्जिनियरिङ्ग वा कन्सट्रक्सन म्यानेजमेन्ट वा एप्लाइड जियो मर्फोलोजिकल एण्ड इञ्जिनियरिङ्ग जियोलोजिक सर्भे वा वाटर रिसोर्सेस म्यानेजमेन्ट वा इञ्जिनियरिङ्ग सर्भे वा जियोटेक्निकल इञ्जिनियरिङ्ग वा नेचुरल रिसोर्स म्यानेजमेन्ट वा हाइड्रोलिक इञ्जिरियरिङ्ग विषयमा कम्तिमा स्नातकोत्तर उपाधी प्राप्त ।

१४. **नेपाल इञ्जिनियरिङ्ग सेवा, सिभिल समूह, हाइड्रोपावर उपसमूह :** राजपत्राङ्कित तृतीय श्रेणीका लागि निर्धारित आवश्यक न्यूनतम योग्यता हासिल गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट देहायको कुनै इञ्जिनियरिङ्ग विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरी ऐनको दफा ७ को उपदफा (१६) बमोजिम अनुभव प्राप्त ।

१) हाइड्रोपावर वा हाइड्रोपावर डेभलपमेन्ट वा हाइड्रोपावर प्लानिङ वा हाइड्रोपावर डेभलपमेन्ट एण्ड म्यानेजमेन्ट

२) इञ्जिनियरिङ्ग हाइड्रोलोजी वा हाइड्रोलिक्स वा हाइड्रोलिक इञ्जिनियरिङ्ग

३) वाटर रिसोर्सेज इञ्जिनियरिङ्ग वा वाटर रिसोर्सेज डेभलपमेन्ट (सिभिल) इञ्जिनियरिङ्ग वा हाइड्रोलोजी एण्ड वाटर रिसोर्सेज वा वाटर रिसोर्सेज इञ्जिनियरिङ्ग म्यानेजमेन्ट वा इन्टर डिसिप्लिनरी वाटर रिसोर्सेज म्यानेजमेन्ट वा हाइड्रो इन्फरमेटिक्स वा वाटर एण्ड इन्भायरोमेन्टल रिसोर्सेज म्यानेजमेन्ट

४) स्ट्रक्चरल वा सिभिल वा इन्भायरोमेन्टल वा इण्डष्ट्रियल एण्ड सिभिल वा जियोटेक्निकल इञ्जिनियरिङ्ग वा सिभिल एण्ड इन्भायरोमेन्टल इञ्जिनियरिङ्ग (स्ट्रक्चरल मेकानिक्स)

१५. **नेपाल इञ्जिनियरिङ्ग सेवा, मेकानिकल समूह, जनरल मेकानिकल उपसमूह :** रा.प. तृतीय श्रेणीका लागि निर्धारित आवश्यक न्यूनतम योग्यता हासिल गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट देहायको मध्ये कुनै एक इञ्जिनियरिङ्ग विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरी ऐनको दफा ७ को उपदफा (१६) बमोजिम अनुभव प्राप्त ।

१) जनरल मेकानिकल वा इण्डस्ट्रीयल वा प्रोडक्सन वा क्वालिटी कन्ट्रोल वा सिष्टम इञ्जिनियरिङ्ग वा

२) अटोमोवाइल वा रेफ्रिजेरेसन एण्ड एयरकण्डिसनिङ वा प्रोसेस इञ्जिनियरिङ्ग वा मेशिन डिजाइन वा इनर्जी/रिन्यूयवल इनर्जी इञ्जिनियरिङ्ग वा

३) रेल्वे इञ्जिनियरिङ्ग वा मेकानिकल वा मेकाट्रोनिक्स वा न्यानो टेक्नोलोजी इञ्जिनियरिङ्ग वा इलेक्ट्रोमेकानिकल इञ्जिनियरिङ्ग वा रोबोटिक्स इञ्जिनियरिङ्ग वा इनर्जी टेक्नोलोजी वा रिन्युएवल इनर्जी वा

४) टेक्नोलोजी इनोभेसन म्यानेजमेन्ट, प्रोडक्सन वा मेकोट्रोनिक्स इञ्जिनियरिङ्ग वा इर्नजी सिष्टम प्लानिङ्ग एण्ड म्यानेजमेन्ट, थर्मल इञ्जिनियरिङ्ग ।

१६. **नेपाल इञ्जिनियरिङ्ग सेवा, माइनिङ्ग इञ्जिनियरिङ्ग समूह :** मान्यता प्राप्त शिक्षण संस्थाबाट माइनिङ्ग विषयमा कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त ।

१७. **नेपाल इञ्जिनियरिङ्ग सेवा, मेटालर्जिकल इञ्जिनियरिङ्ग समूह :** मान्यता प्राप्त शिक्षण संस्थाबाट मेटालर्जिकल इञ्जिनियरिङ्ग वा मेटालर्जि विषयमा वि.ई., वि.एस्सी वा सो सरह उत्तीर्ण वा मिनिरल प्रोसेसिङ्ग विषयमा स्नातकोत्तर उपाधि प्राप्त ।

१८. **नेपाल इञ्जिनियरिङ्ग सेवा, जियोलोजी समूह, इञ्जिनियरिङ्ग जियोलोजी उपसमूह :** मान्यता प्राप्त शिक्षण संस्थाबाट इञ्जिनियरिङ्ग जियोलोजी विषयमा वा इञ्जिनियरिङ्ग जियोलोजी लिई जियोलोजी वा जियोफिजिक्स वा हाइड्रोजियोलोजी वा एप्लाइड जियोलोजी वा जियोलोजिकल इञ्जिनियरिङ्गमा एम.एस्सी वा सो सरहको स्नातकोत्तर उपाधि प्राप्त गरेको वा जियोलोजी वा जियोफिजिक्स वा जियोलोजीकल इञ्जिनियरिङ्गमा एम.एस्सी वा सो सरहको स्नातकोत्तर उपाधि प्राप्त गरी इञ्जिनियरिङ्ग जियोलोजी सम्बन्धी तीन महिनाको तालिम प्राप्त ।

१९. **नेपाल इञ्जिनियरिङ्ग सेवा, केमेष्ट्रि समूह :** मान्यता प्राप्त शिक्षण संस्थाबाट केमेष्ट्री विषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त ।

२०. **नेपाल कृषि सेवा, माटो विज्ञान समूह :** राजपत्रांकित तृतीय श्रेणीको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट माटो विज्ञान विषयमा स्नातकोत्तर (एम.एस्सी एगृ) वा सो सरहको उपाधि प्राप्त ।

२१. **नेपाल कृषि सेवा, भेटेरिनरी समूह :** राजपत्रांकित तृतीय श्रेणीको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट भेटेरिनरी साइन्स/एप्लाइड साइन्स (भेटेरिनरी मेडिसिन, थेरीयोजेनेलोजी, भेटेरिनरी सर्जरी, भेटेरिनरी माइक्रोबायोलोजी, भेटेरिनरी भाइरोलोजी, भेटेरिनरी प्याथोलोजी, भेटेरिनरी फार्माकोलोजी, भेटेरिनरी प्यारासाइटोलोजी, भेटेरिनरी पब्लिक हेल्थ, भेटेरिनरी इपिडेमियोलोजी, भेटेरिनरी जुरीस प्रुडेन्स, भेटेरिनरी कन्जरभेसन मेडिसिन, वाइल्ड लाइफ मेडिसिन, मिट टेक्नोलोजी आदि) विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण उपाधी प्राप्त ।

२२. **नेपाल विविध सेवा, वरिष्ठ समाजशास्त्री :** राजपत्रांकित तृतीय श्रेणीको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट समाजशास्त्रमा वा मानवशास्त्रमा स्नातकोत्तर उपाधि प्राप्त ।

२३. **नेपाल शिक्षा सेवा, शिक्षा प्रशासन समूह :** मान्यत प्राप्त शिक्षण संस्थाबाट शिक्षा शास्त्रमा स्नातकोत्तर उपाधि प्राप्त ।

२४. **नेपाल शिक्षा सेवा, पुरातत्व समूह, पुरातत्व उपसमूह :** मान्यत प्राप्त शिक्षण संस्थाबाट पुरातत्व, इतिहास वा संस्कृतमा स्नातकोत्तर उपाधि प्राप्त ।

२५. **संघीय संसद सेवा, प्राविधिक, सिनियर इलेक्ट्रिकल इन्जिनियर :** मान्यता प्राप्त शिक्षण संस्थाबाट ईलेक्ट्रिकल इञ्जिनियरिङ्ग वा पावर सिष्टम म्यानेजमेन्ट वा पावर सिष्टम प्रोटेक्सन वा पावर सिष्टम नेटवर्क वा पावर कन्ट्रोल सिष्टम वा इलेक्ट्रिक सिष्टम इञ्जिनियरिङ्ग वा पावर सिष्टम एण्ड इट्स अटोमेशन वा ईलेक्ट्रिकल सिष्टम एण्ड नेटवर्क वा पावर ईलेक्ट्रोनिक्स विषयमा स्नातकोत्तर उपाधि प्राप्त ।

२६. **राष्ट्रिय मानव अधिकार सेवा :** मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर वा सो सरह उत्तीर्ण ।

## स्वास्थ्य सेवाको एघारौं र नवौं तहका आ.प्र., खुला/समावेशीतर्फका प्रत्येक पदहरुको आवश्यक न्यूनतम योग्यता

### *(क) आ.प्र.को लागि*

**एघारौं तह (पद, सेवा, समूह, उपसमूह):**

१. **प्रमुख कन्सल्टेण्ट फिजिसियन, स्वास्थ्य, मेडिसिन, जनरल मेडिसिन :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस वा सो सरह उपाधि प्राप्त गरी जनरल वा इन्टरनल मेडिसिनमा स्नातकोत्तर उपाधि प्राप्त ।

२. **प्रमुख कन्सल्टेण्ट नेफ्रोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, नेफ्रोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी नेफ्रोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त वा इन्टरनल मेडिसिनमा स्नातकोत्तर उपाधि पछि नेफ्रोलोजीमा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह ।

३. **प्रमुख कन्सल्टेण्ट सर्जिकल ग्याष्ट्रो इन्टेरोलोजिष्ट, स्वास्थ्य, सर्जरी, ग्याष्ट्रोइन्टेरोलोजीकल सर्जरी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी ग्याष्ट्रो इन्टेरोलोजीकल सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त वा जनरल सर्जरीमा स्नातकोत्तर उपाधि पछि सर्जिकल ग्याष्ट्रो इन्टेरोलोजीमा डिप्लोमा वा सो सरह ।

४. **प्रमुख कन्सल्टेण्ट अर्थोपेडिक सर्जन, स्वास्थ्य, सर्जरी, अर्थोपेडिक सर्जरी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी अर्थोपेडिक सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त वा जनरल सर्जरीमा स्नातकोत्तर उपाधि पछि अर्थोपेडिक सर्जरीमा डिप्लोमा वा सो सरह ।

५. **प्रमुख कन्सल्टेण्ट रेडियोलोजिष्ट, स्वास्थ्य, रेडियोलोजी, रेडियो डाइग्नोसिस :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस वा सो सरहको उपाधि प्राप्त गरी रेडियोलोजीमा स्नातकोत्तर वा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह ।

६. **प्रमुख कन्सल्टेण्ट डर्माटोलोजिष्ट, स्वास्थ्य, डर्माटोलोजी/लेप्रोलोजी/भेनेरल डिजिजेज :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस वा सो सरहको उपाधि प्राप्त गरी डर्माटोलोजी/लेप्रोलोजी/भेनेरल डिजिजेज विषयमा स्नातकोत्तर वा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह ।

७. **प्रमुख कन्सल्टेण्ट साइक्याट्रिष्ट, स्वास्थ्य, साइक्याट्री :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी साइक्याट्रीमा स्नातकोत्तर वा पोष्टग्राजुयट डिप्लोमा वा सो सरह ।

८. **प्रमुख कन्सल्टेण्ट पेडियाट्रिसियन, स्वास्थ्य, पेडियाट्रिक्स, पेडियाट्रिक मेडिसिन :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस वा सो सरहको उपाधि प्राप्त गरी पेडियाट्रिक्समा स्नातकोत्तर वा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह ।

९. **प्रमुख कन्सल्टेण्ट इ.एन.टि. सर्जन, स्वास्थ्य, अटोरिनोल्यारिङ्गोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस वा सो सरहको उपाधि प्राप्त गरी अटोरिनोल्यारिङ्गोलोजीमा स्नातकोत्तर वा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह ।

१०. **प्रमुख कन्सल्टेण्ट अब्स्टेट्रिक्स एण्ड गाइनोकोलोजिष्ट, स्वास्थ्य, अब्स्टेट्रिक्स तथा गाइनोकोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस वा सो सरहको उपाधि प्राप्त गरी अब्स्ट्रेटिक गाइनोकोलोजीमा स्नातकोत्तर वा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह ।

११. **प्रमुख कन्सल्टेण्ट प्याथोलोजिष्ट, स्वास्थ्य, प्याथोलोजी, जनरल प्याथोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी. एस. वा सो सरहको उपाधि प्राप्त गरी प्याथोलोजीमा स्नातकोत्तर वा पोष्टग्राजुयट डिप्लोमा वा सो सरह ।

१२. **प्रमुख अस्पताल नर्सिङ प्रशासक, स्वास्थ्य, जनरल नर्सिङ :** मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा स्नातकोपाधि प्राप्त ।

**नवौं तह (पद, सेवा, समूह, उपसमूह):**

१. **कन्सल्टेण्ट नेफ्रोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, नेफ्रोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी नेफ्रोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त वा इन्टरनल मेडिसिनमा स्नातकोत्तर उपाधि पछि नेफ्रोलोजीमा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह ।

२. **कन्सल्टेण्ट न्यूरोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, न्यूरोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी न्यूरोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त वा इन्टरनल मेडिसिनमा स्नातकोत्तर उपाधि पछि न्यूरोलोजीमा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह ।

३. **कन्सल्टेण्ट कार्डियोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, कार्डियोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी कार्डियोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त वा इन्टरनल मेडिसिनमा स्नातकोत्तर उपाधि पछि कार्डियोलोजीमा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह ।

४. **कन्सल्टेण्ट ग्याष्ट्रो इन्टेरोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, ग्याष्ट्रो इन्टेरोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी ग्याष्ट्रो इन्टेरोलोजिमा स्नातकोत्तर वा ग्याष्ट्रो इन्टेरोलोजिमा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह ।

५. **कन्सल्टेण्ट कार्डियोथोरासिक सर्जन, स्वास्थ्य, सर्जरी, कार्डियोथोरासिक सर्जरी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस वा सो सरहको उपाधि प्राप्त गरी कार्डियोथोरासिक सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त वा जनरल सर्जरीमा स्नातकोत्तर उपाधि पछि कार्डियोथोरासिक सर्जरीमा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह ।

६. **कन्सल्टेण्ट यूरो सर्जन, स्वास्थ्य, सर्जरी, यूरो सर्जरी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी यूरो सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त वा जनरल सर्जरीमा स्नातकोत्तर उपाधि पछि यूरो सर्जरीमा डिप्लोमा वा सो सरह ।

७. **कन्सल्टेण्ट ग्याष्ट्रो इन्टेरोलोजिष्ट सर्जन, स्वास्थ्य, सर्जरी, ग्याष्ट्रो इन्टेरोलोजीकल सर्जरी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी ग्याष्ट्रो इन्टेरोलोजीकल सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त वा जनरल सर्जरीमा स्नातकोत्तर उपाधि पछि सर्जिकल ग्याष्ट्रो इन्टेरोलोजीमा डिप्लोमा वा सो सरह ।

८. **कन्सल्टेण्ट प्लाष्टिक सर्जन, स्वास्थ्य, सर्जरी, वर्न तथा प्लाष्टिक सर्जरी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी वर्न तथा प्लाष्टिक सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त वा जनरल सर्जरीमा स्नातकोत्तर उपाधि पछि सर्जिकल प्लाष्टिक सर्जरीमा डिप्लोमा वा सो सरह ।

९. **कन्सल्टेण्ट न्यूरो सर्जन, स्वास्थ्य, सर्जरी, न्यूरो सर्जरी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी न्यूरो सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त वा जनरल सर्जरीमा स्नातकोत्तर उपाधि पछि सर्जिकल न्यूरो सर्जरीमा डिप्लोमा वा सो सरह ।

१०. **कन्सल्टेण्ट पेडियाट्रिक सर्जन, स्वास्थ्य, सर्जरी, पेडियाट्रिक सर्जरी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस वा सो सरहको उपाधि प्राप्त गरी पेडियाट्रिक्स सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त वा जनरल सर्जरीमा स्नातकोत्तर उपाधि पछि पेडियाट्रिक सर्जरीमा डिप्लोमा वा सो सरह ।

११. **कन्सल्टेण्ट डर्माटोलोजिष्ट, स्वास्थ्य, डर्माटोलोजी/लेप्रोलोजी/भेनेरल डिजिजेज :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस वा सो सरहको उपाधि प्राप्त गरी डर्माटोलोजी, लेप्रोलोजी र भेनेरल डिजिजेज विषयमा स्नातकोत्तर वा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह ।

१२. **कन्सल्टेण्ट साइक्याट्रिष्ट, स्वास्थ्य, साइक्याट्री :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस वा सो सरह उपाधि प्राप्त गरी साइक्याट्रीमा स्नातकोत्तर वा पोष्ट ग्राजुयट डिप्लोमा उपाधि वा सो सरह ।

१३. **कन्सल्टेण्ट निओनेटोलोजिष्ट, स्वास्थ्य, पेडियाट्रिक्स, निओनेटोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस वा सो सरहको उपाधि प्राप्त गरी निओनेटोलोजीमा स्नातकोत्तर उपाधि वा पेडियाट्रिक्समा स्नातकोत्तर उपाधि प्राप्त गरी निओनेटोलोजीमा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह ।

१४. **कन्सल्टेण्ट प्याथोलोजिष्ट, स्वास्थ्य, प्याथोलोजी, जनरल प्याथोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी प्याथोलोजीमा स्नातकोत्तर वा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह ।

१५. **कन्सल्टेण्ट बायोकेमिष्ट, स्वास्थ्य, प्याथोलोजी, बायोकेमेष्ट्री :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस वा सो सरहको उपाधि प्राप्त गरी बायोकेमेष्ट्रीमा स्नातकोत्तर उपाधि वा प्याथोलोजीमा स्नातकोत्तर उपाधि पछि बायोकेमेष्ट्रीमा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह ।

१६. **अस्पताल नर्सिङ्ग प्रशासक, स्वास्थ्य, जनरल नर्सिङ्ग :** मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग विषयमा स्नातकोपाधि प्राप्त ।

१७. **कन्सल्टेण्ट डेन्टल सर्जन, स्वास्थ्य, डेन्टिष्ट्री, जनरल डेण्टल :** मान्यता प्राप्त शिक्षण संस्थाबाट वि.डि.एस. उत्तीर्ण गरी एम.डी.एस्सी. वा एम.डी.एस. उपाधि प्राप्त ।

१८. **उपप्रमुख मेडिकल ल्याब टेक्नोलोजिष्ट, स्वास्थ्य, मेडिकल ल्याब टेक्नोलोजी, जनरल मेडिकल ल्याब टेक्नोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल ल्याब टेक्नोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त ।

१९. **उप स्वास्थ्य प्रशासक, स्वास्थ्य, एकिकृत, चिकित्सा :** मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेद तथा एलोप्याथी विषयमा स्नातक (ब्याचलर अफ आयुर्वेदिक एण्ड मोर्डन मेडिसिन एण्ड सर्जरी) उपाधि प्राप्त गरी एम.पि.एच. वा सो सरहको स्वास्थ्य क्षेत्रको समकक्ष उपाधि प्राप्त ।

### *(ख) खुला तथा समावेशीको लागि*

**एघारौं तह (पद, सेवा, समूह, उपसमूह):**

१. **प्रमुख कन्सल्टेण्ट नेफ्रोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, नेफ्रोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट नेफ्रोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त ।

२. **प्रमुख कन्सल्टेण्ट इ.एन.टी. सर्जन, स्वास्थ्य, अटोरिनोल्यारिङ्गोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट अटोरिनोल्यारिङ्गोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त ।

३. **प्रमुख कन्सल्टेण्ट अब्स्टेट्रिक्स एण्ड गाइनोकोलोजिष्ट, स्वास्थ्य, अब्स्टेट्रिक्स एण्ड गाइनोकोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट अब्स्टेट्रिक्स एण्ड गाइनोकोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त ।

४. **प्रमुख मेडिकल सुपरिन्टेण्डेन्ट, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरह उपाधि प्राप्त गरी जनस्वास्थ्य विषयमा स्नातकोत्तर उपाधि प्राप्त ।

५. **प्रमुख कन्सल्टेण्ट प्याथोलोजिष्ट, स्वास्थ्य, प्याथोलोजी, जनरल प्याथोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरह उपाधि प्राप्त गरी जनरल प्याथोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त ।

६. **प्रमुख अस्पताल नर्सिङ्ग प्रशासक, स्वास्थ्य, जनरल नर्सिङ्ग :** मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग विषयमा स्नातकोत्तर उपाधि प्राप्त ।

**नवौं तह (पद, सेवा, समूह, उपसमूह):**

१. **कन्सल्टेण्ट नेफ्रोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, नेफ्रोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट नेफ्रोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त ।

२. **कन्सल्टेण्ट न्यूरोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, न्यूरोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट न्यूरोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त ।

३. **कन्सल्टेण्ट कार्डियोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, कार्डियोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट कार्डियोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त ।

४. **कन्सल्टेण्ट ट्रपिकल मेडिसिन (फिजिसियन), स्वास्थ्य, मेडिसिन, ट्रपिकल मेडिसिन :** मान्यता प्राप्त शिक्षण संस्थाबाट ट्रपिकल मेडिसिनमा स्नातकोत्तर उपाधि प्राप्त ।

५. **कन्सल्टेण्ट ग्याष्ट्रोइन्टेरोलोजिष्ट, स्वास्थ्य, मेडिसिन ग्याष्ट्रोइन्टेरोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट ग्याष्ट्रोइन्टेरोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त ।

६. **कन्सल्टेण्ट पल्मोनोलोजिष्ट, स्वास्थ्य, मेडिसिन पल्मोनोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट इन्टरनल मेडिसिनमा स्नातकोत्तर गरी पल्मोनोलोजी विषयमा डि.एम. (तीन वर्षे) वा पल्मोनोलोजी विषयमा स्नातकोत्तर वा इन्टरनल मेडिसिनमा स्नातकोत्तर गरी पल्मोनोलोजी विषयमा कम्तीमा १ वर्ष निरन्तर फेलोशिप गरी नेपाल मेडिकल काउन्सिलमा पल्मोनोलोजी विषयमा विशेषज्ञता दर्ता भएको ।

७. **फरेन्सिक मेडिसिन अधिकृत, स्वास्थ्य, मेडिसिन, फरेन्सिक मेडिसिन :** मान्यता प्राप्त शिक्षण संस्थाबाट फरेन्सिक मेडिसिनमा स्नातकोत्तर उपाधि प्राप्त ।

८. **कन्सल्टेण्ट यूरो सर्जन, स्वास्थ्य, सर्जरी, यूरो सर्जरी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट यूरो सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त ।

९. **कन्सल्टेण्ट रेडियोलोजिष्ट, स्वास्थ्य, रेडियोलोजी, रेडियोडाइग्नोसिस :** मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त ।

१०. **कन्सल्टेण्ट डर्माटोलोजिष्ट, स्वास्थ्य, डर्माटोलोजी/लेप्रोलोजी/भेनेरल डिजिजेज :** मान्यता प्राप्त शिक्षण संस्थाबाट डर्माटोलोजी/लेप्रोलोजी/भेनेरल डिजिजेजमा स्नातकोत्तर उपाधि प्राप्त ।

११. **कन्सल्टेण्ट साइक्याट्रिष्ट, स्वास्थ्य, साइक्याट्री :** मान्यता प्राप्त शिक्षण संस्थाबाट साइक्याट्रीमा स्नातकोत्तर उपाधि प्राप्त ।

१२. **कन्सल्टेण्ट अप्थल्मोलोजिष्ट, स्वास्थ्य, अप्थल्मोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट अप्थल्मोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त ।

१३. **कन्सल्टेण्ट प्याथोलोजिष्ट, स्वास्थ्य, प्याथोलोजी, जनरल प्याथोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी जनरल प्याथोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त ।

१४. **कन्सल्टेण्ट डेन्टल सर्जन, स्वास्थ्य, डेन्ट्रिष्ट्री, जनरल डेण्टल :** मान्यता प्राप्त शिक्षण संस्थाबाट वि.डि.एस. उत्तीर्ण गरी एम.डी.एस्सी. वा एम.डी.एस. उपाधि प्राप्त ।

१५. **उपप्रमुख मेडिकल ल्याब टेक्नोलोजिष्ट, स्वास्थ्य, मेडिकल ल्याब टेक्नोलोजी, जनरल मेडिकल ल्याब टेक्नोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल ल्याब टेक्नोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त ।

१६. **औषधि व्यवस्थापक, स्वास्थ्य, फार्मेसी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसीमा स्नातकोत्तर उपाधि प्राप्त ।

१७. **उपस्वास्थ्य प्रशासक, स्वास्थ्य, एकीकृत चिकित्सा :** मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेद तथा एलोप्याथी विषयमा स्नातक (ब्याचलर अफ आयुर्वेदिक एण्ड मोडर्न मेडिसिन एण्ड सर्जरी) उपाधि प्राप्त गरी एम.पी.एच. वा सो सरहको स्वास्थ्य क्षेत्रको समकक्ष उपाधि प्राप्त ।

## उम्मेदवारले पेश गर्नुपर्ने कागजात तथा अनुभव सम्बन्धमा विशेष निर्देशन

दरखास्त दिन चाहने उमेदवाहरुले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरु तयार गरी पेश गर्नुपर्दछ । लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैंले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्दछ । उल्लेखित कागजातहरु दरखास्त दिने समयमा नै उम्मेदवारसँग रहेको नभएमा जुनसकै समय दरखास्त रद्द हुन सक्नेछ ।

### अ) समावेशी समूहतर्फ दरखास्त दिने उम्मेदवारहरुको लागि आवश्यक पर्ने थप कागजातहरु

(क) आदिवासी/जनजातिका हकमा : नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,
तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

(ख) दलितका हकमा : राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,
तर, राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

(ग) अपाङ्गका हकमा : समाज कल्याण परिषद्बाट जारी भएको अपाङ्गता परिचयपत्र वा अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको बर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गता परिचयपत्र ।

(घ) मधेसीका हकमा : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात,
तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात ।

(ङ) पिछडिएको क्षेत्रका हकमा : निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७), संघीय संसद सचिवालय सम्बन्धी ऐन, २०६४ को दफा १७ को उपदफा (६) को स्पष्टीकरण खण्ड (१) तथा स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८ को उपदफा (५) को स्पष्टिकरण खण्ड (१) मा उल्लेख भएका जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित स्थानीय तहबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको कागजात दरखास्त फारम भर्ने दिन भन्दा ३ महिना अगाडी सम्मको सिफारिशको आधारमा ।
स्थायी बसोबास भएको जिल्ला बाहेक अन्यत्र जिल्लाबाट नागरिकता लिएको भएमा सो गर्नुपर्नाको कारण उल्लेख भएको पत्र नागरिकता जारी गर्ने जिल्ला प्रशासन कार्यालयबाट लिएको, निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) तथा स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८ को उपदफा (५) मा उल्लेख भएको जिल्लामा विवाह गरी वा बसाइँसराइ गरी गएको भएमा विवाहको हकमा विवाह दर्ता प्रमाणपत्र र बसाइँसराइको हकमा छाडेको र गएको स्थानीय तह/निकायको बसाइँसराइ गरेको खुल्ने कागजात ।

### आ) खुलातर्फ दरखास्त दिन चाहने उम्मेदवारहरुको लागि आवश्यक अनुभव

(क) देहाय बमोजिमको निकायमा रही अधिकृत स्तरमा काम गरेको अनुभव सम्बन्धमा त्यस्तो पदको नियुक्तिपत्र वा करारनामा र सेवा अवधि प्रमाणित गरिएको सम्बन्धित निकायको पत्र ।

(१) निजामती तथा अन्य सरकारी निकाय
(२) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा सञ्चालित संगठित संस्था
(३) विकास समिति ऐन, २०१३ बमोजिम गठित विकास समिति
(४) ऐनद्वारा स्थापित संस्था वा निकाय
(५) संयुक्त राष्ट्र संघ, यसका अंग तथा विशिष्टिकृत निकाय
(६) अन्तरसरकारी अन्तर्राष्ट्रिय संगठनहरु
(७) विश्वविद्यालयको आंगिक क्याम्पस
(८) सामुदायिक विद्यालय वा क्याम्पस

(ख) खण्ड (क) मा उल्लेख भए बाहेक राष्ट्रिय तथा अन्तराष्ट्रिय गैह्रसरकारी संस्था लगायतका अन्य निकायको अनुभव पेश गरेकोमा नियुक्तिपत्र वा करारनामा र सेवा प्रमाणित गरिएको सम्बन्धित निकायको पत्रको अतिरिक्त त्यस्तो निकायमा अधिकृत स्तरका कर्मचारी भर्नाको प्रक्रिया, योग्यता, संगठन, संरचना लगायत कर्मचारीको सेवाका शर्त समेतका विषय समावेश गरिएको नियम वा विनियम वा निर्देशिका वा कार्यविधिमा भएको व्यवस्था बमोजिम अधिकृतस्तरमा भर्ना भएको यकिन हुने अनुभवलाई मात्र मान्यता दिइनेछ ।

(ग) सरकारी कर्मचारीले अन्य संगठित संस्थामा काम गरेको अनुभव पेश गरेमा नेपाल सरकारको पूर्व स्वीकृतिको पत्र तथा सो अवधिको विदा स्वीकृतिको पत्र भएमा मात्र त्यस्तो अनुभवलाई मान्यता दिइनेछ ।

(घ) एउटै अवधिमा दुई वा सोभन्दा बढी निकायमा काम गरेको भएमा पुरा समय काम गरेको कुनै एकको अनुभव मात्र गणना गरिनेछ ।

(ङ) नियुक्तिपत्र वा करारनामामा नै आंशिक रुपमा काम गर्ने उल्लेख भएकोमा सो अनुभवलाई मान्यता दिइने छैन ।

(च) एकवर्ष भन्दा कम अवधिको अस्थायी वा करार सेवाको अनुभवलाई गणना गरिने छैन ।

(छ) सहायक स्तरमा पदाधिकार रही अधिकृत स्तरमा कायम मुकायम वा निमित्त भई सेवा गरेको अनुभवलाई मान्यता दिइने छैन ।

(ज) राजपत्रांकित प्रथम तथा द्वितीय श्रेणी वा सो सरहको जुन सेवा, समूहको पदमा आवेदन गर्ने हो सो सेवा, समूहको राजपत्रांकित तृतीय श्रेणी वा सो सरहको पदका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता हासिल गरेपछिको अधिकृतस्तरको अनुभवलाई मात्र मान्यता प्रदान गरिनेछ ।

(झ) नियुक्तिपत्र वा करारनामामा उल्लेखित पदनामबाट अधिकृत स्तर नखुलेकोमा सम्बन्धित निकायले सो पद अधिकृत स्तरको भनी प्रमाणित गरेको पत्र पेश गर्नुपर्नेछ ।

(ञ) माथि उल्लेखित प्रमाण खुल्ने कागजातहरु दरखास्त दिने समयमा नै उम्मेदवारसँग रहेको नभएमा जुनसुकै समय दरखास्त रद्द हुनेछ ।

(ट) MBBS र MD उत्तीर्ण गरेका उम्मेदवारहरु दरखास्त दिने अन्तिम मिति सम्ममा अनिवार्य रुपमा नेपाल मेडिकल काउन्सिलमा दर्ता भई म्याद कायम रहेको हुनुपर्नेछ ।

(ठ) MD (Doctor of Medicine) तथा DM (Doctorate of Medicine) Residental अध्ययन गर्दाको अवधिलाई समेत अनुभव अवधिका रुपमा गणना गरिनेछ ।

### इ) स्वास्थ्य सेवातर्फ दरखास्त दिने उम्मेदवारहरुका लागि विशेष सूचना

स्वास्थ्य सेवातर्फ सातौं तह (आ.प्र.), नवौं र एघारौं तह (आ.प्र. तथा खुला) का प्रतियोगितात्मक परीक्षातर्फका पदहरुमा अनलाईन दरखास्त दिने उम्मेदवारहरुले आफूले दरखास्तमा उल्लेख गरेका कागजातहरुको प्रतिलिपि पेश गर्ने विषयको चेकलिष्ट लोक सेवा आयोगको वेवसाइट psc.gov.np को डाउनलोड मेनुबाट डाउनलोड गरी उक्त चेकलिष्टमा उल्लेखित कागजपत्रहरुको प्रतिलिपि एक/एक प्रति उम्मेदवार स्वयंले प्रमाणित गरी चेकलिष्ट समेत भरी फाइलमा संलग्न गरी दरखास्त दिने अन्तिम मितिको ७ (सात) दिन भित्र रुजु प्रयोजनका लागि दरखास्त व्यवस्थापन केन्द्र, अनामनगरमा अनिवार्य रुपमा बुझाउनु पर्नेछ । यसरी रुजु भएपछि सम्बन्धित पदका लागि योग्य ठहरिएका उम्मेदवारको मात्र दरखास्त स्वीकृत गरिनेछ ।

**द्रष्टव्य**

(क) अनुभवको अवधि आवश्यक पर्ने उम्मेदवारहरुको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनु पर्नेछ ।

(ख) दरखास्त दिने दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।

(ग) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

(घ) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै आयोगको सम्बन्धित कार्यालयमा सम्पर्क राख्नु पर्नेछ । अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुने छैन ।

(ङ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडी शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता, सेवाको अनुभव आवश्यक पर्नेमा सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराएको सक्कल प्रति तथा समावेशी एवं खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनि उल्लेख गरिएका कागजातहरुको सक्कलका साथै नक्कल प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(च) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सोही मिति भित्र सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको उपाधिको समकक्षता निर्धारण गराएको हुनुपर्नेछ ।

(छ) परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

(ज) पाठ्यक्रम आयोगको वेबसाइट www.psc.gov.np बाट प्राप्त गर्न सकिने छ ।